त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
परीक्षा शाखा
बल्खु

## वार्षिक परीक्षा प्रणाली अन्तर्गत विज्ञान तर्फ स्नातकोत्तर तह प्रथम तथा दोश्रो वर्षको आंशिक परीक्षाको परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी सूचना

त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान, डीनको कार्यालय, परीक्षा शाखा, बल्खुद्वारा वार्षिक परीक्षा प्रणाली अन्तर्गत २०७५ सालमा संचालन गरिने (२०७५ सालको) मानविकी तर्फको गणित र तथ्यांक शास्त्र विषय समेत गरी विज्ञान तर्फ स्नातकोत्तर तह प्रथम तथा दोश्रो वर्षको आंशिक ( गणित प्राइभेट समेत ) परीक्षाको लागि परीक्षा आवेदन फाराम २०७५ साल पौष १९ गते सम्म वुझाउन हुन यो सूचना प्रकाशित गरिएको छ। सम्बन्धित परीक्षार्थीहरुले आ-आफ्नो केन्द्रीय विभाग, क्याम्पस, कलेजमा र प्राइभेट आंशिकका परीक्षार्थीहरुले यस कार्यालयमा उपरोक्त मिति भित्र परीक्षा फाराम वुझाउनु पर्नेछ। सम्वन्धित केन्द्रीय विभाग, क्याम्पस र कलेजहरुले फारामहरु रुजु गरी मिति २०७५ साल पौष २२ गते सम्ममा यस कार्यालयमा अनिवार्य रुपमा वुझाउनु पर्ने छ। विस्तृत जानकारीको लागि यस कार्यालयको WebSite www.tuiost.edu.np वाट हेर्न सकिने छ।

### १. परीक्षा दिन पाउने योग्यता :

क) प्रथम वर्षको आंशिक परीक्षा दिन परीक्षा आवेदन फाराम भर्नेले प्रथम वर्षको लव्धांक पत्रको फोटोकपी र दोश्रो वर्षको आंशिक परीक्षा दिन परीक्षा आवेदन फाराम भर्नेले दोश्रो वर्षको लव्धांक पत्रको फोटोकपी फाराम साथै पेश गर्नु पर्नेछ। सम्वन्धित केन्द्रीय विभाग, क्याम्पस र कलेजले सक्कल लव्धांक पत्र अनुसार फाराम भरे नभरेको रुजु गरी परीक्षा आवेदन फाराम साथ लव्धांक पत्रको फोटोकपी सहित यस कार्यालयमा पठाउनु पर्नेछ। फाराम भरी परीक्षा नदिएकाले प्रवेश पत्रको फोटोकपी पेश गर्नु पर्नेछ।

ख) त्रिभुवन विश्वविद्यालय, कार्यकारी परिषदवाट मिति २०५६।२।७ मा पारित निर्णय नं १२३ बमोजिम २ वर्षे शैक्षिक कार्यक्रमका विद्यार्थीहरुले पहिलो पटक परीक्षामा सम्मिलित भएको परीक्षा फाराम भरेको बर्षवाट ६ वर्ष भित्र पाठ्यक्रमले तह पूरा गर्न तोकेको सम्पूर्ण आवश्यकताहरु पूरा गरी सक्नु पर्नेछ।

ग) २०७० सालमा प्रथम पटक प्रथम खण्डको परीक्षा दिन परीक्षा आवेदन फाराम भरेका वा परीक्षा दिनेहरुको लागि यो २०७५ सालमा संचालन हुने २०७५ सालको परीक्षा अन्तिम पटकको परीक्षा हुनेछ।

घ) परीक्षा आवेदन फाराममा त्रि.वि.अन्तर्गतका नियमहरु तथा पाठ्यक्रमले तोके बमोजिमका विषयहरु मात्र भर्नु /भराउनु पर्नेछ र परीक्षा पनि सोही अनुसार दिनु पर्नेछ। यसमा अन्यथा हुन गई परीक्षा रद्द भएमा वा ट्रान्सक्रृप्ट लिनबाट बन्चित हुन गएमा परीक्षार्थी स्वयम् वा क्याम्पस नै जिम्मेवार हुनेछन्।

### २. परीक्षार्थीहरुको फाराम पठाउंदा सम्बन्धित क्याम्पस / कलेजहरुले ध्यान दिनु पर्ने कुराहरु :

**क) प्रथम तथा दोश्रो वर्षको आंशिक परीक्षा दिने विद्यार्थीहरुको परीक्षा फाराम एउटै फाराममा भरी पठाउनु पर्ने छ।**

ख) म्याद नाघि आएका फाराममा विलम्ब शुल्क लाग्ने भएकोले तोकिएको म्याद भित्र यस कार्यालयमा आई पुग्ने गरी परीक्षा फाराम भराई पठाउने व्यवस्था मिलाउनु पर्नेछ।

ग) परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुको विषयगत परीक्षार्थी संख्या (Subjectwise-data) परीक्षा आवेदन फाराम साथ पठाउनु पर्नेछ।

घ) परीक्षा आवेदन फाराम साथ विद्यार्थीहरुवाट उठाईएको परीक्षा शुल्क, केन्द्र शुल्क, र परीक्षा आवेदन फाराम शुल्कको कोलम बनाई पठाउनु पर्नेछ।

ङ) परीक्षा आवेदन फाराममा भरेका आवश्यक विवरणहरु ठीकसंग उल्लेख भए नभएको रुजु गर्नु पर्नेछ।

– त्रि.वि.दर्ता नं र सो अनुसार फारममा नाम भर्नु पर्नेछ ।
– परीक्षा दिनु पर्ने विषयहरु ठीकसंग भरेको हुनु पर्नेछ ।
– विद्यार्थीहरुले प्रथम पटक परीक्षा दिएको रोल नं., वर्ष र अन्तिम पटक दिएको परीक्षा रोल नं., वर्ष अनिवार्य रुपमा उल्लेख गरेको हुनु पर्नेछ ।
– प्रयोगात्मक र शैद्धान्तिक विषयहरु फाराममा वेग्ला वेग्लै उल्लेख गरेको हुनु पर्नेछ ।

**३. परीक्षा शुल्क** :

| | नियमित | प्राइभेट |
|---|---|---|
| क. प्रति खण्ड शुल्क | ७२५।- | १,५००।- |
| ख परीक्षा आवेदन फाराम शुल्क | १००।- | १००।- |
| ग. केन्द्र शुल्क प्रति खण्ड | १५०।- | १५०।- |

**४. विलम्व शुल्क** :

परीक्षा फाराम भर्ने म्याद सकिएको मितिले एक हप्ता सम्म प्रति खण्ड दोब्बर शुल्क तिरी परीक्षा फाराम भर्न सकिने छ ।

**५. परीक्षा शुल्क बुझाउने सम्बन्धमा** :

क) काठमाडौं उपत्यका भित्रका केन्द्रीय विभाग । क्याम्पस । कलेजहरु र उपत्यका वाहिरका क्याम्पसहरुले उपरोक्त अनुसार परीक्षा शुल्क उठाई विज्ञान डीनको कार्यालयको नाममा रहेको कीर्तिपुर स्थित नेपाल बैंक लिमिटेडको चल्ती हिसाव नं. ०४५००१०००९९१०७००००१ मा जम्मा हुने गरी चेक वा ड्राफ्ट बनाई पठाउनु पर्ने छ ।

ख) प्राइभेट परीक्षार्थीहरुले परीक्षा शुल्क वापत बुझाउनु पर्ने रकम कीर्तिपुर स्थित नेपाल बैंक लिमिटेडमा रहेको विज्ञान डीनको कार्यालयको चल्ती हिसाव नं. ०४५००१०००९९१०७००००१ मा रकम जम्मा गरी सो को भौचर फाराम साथ पेश गर्नु पर्नेछ ।

**६. परीक्षा केन्द्र : पछि तोकिने छ ।**

**द्रष्टव्य :-**

* त्रि.वि.को निर्णय अनुसार परीक्षा केन्द्र परिवर्तन सम्वन्धी प्रावधान हटाइएको छ ।
* परीक्षार्थीले एक पटक विषय छनौट गरी परीक्षा फाराम भरी सके पछि विषय परिवर्तन गराउन नदिने भएकोले परीक्षार्थीहरुलाई फाराम भराउंदा विषय एकिन गराई फाराम भराउने व्यवस्था गर्ने ।
* परीक्षा आवेदन फाराम परीक्षार्थी स्वयंले नै भरी बुझाउनु पर्नेछ । साथै परीक्षा फाराम भर्दा परीक्षा फाराममा र प्रवेश पत्रमा समेत परीक्षार्थी आफैंले नै पुरा दस्तखत गर्नु पर्दछ । अन्यथा पर्न गएमा यस कार्यालय जवाफदेही हुने छैन ।
* दोश्रो वर्षको नतिजा प्रकाशन हुन वाँकी विषयको सम्वन्धमा सो विषयको नतिजा प्रकाशन भएपछि अनुत्तीर्ण हुने विद्यार्थीहरुले मात्र सो नतिजा प्रकाशन भएको एक हप्ता भित्र परीक्षा आवेदन फाराम भरी बुझाउन सक्ने छन् ।
* प्रथम/दोश्रो वर्षको आंशिक परीक्षा २०७५ साल फागुन/चैत महिनामा संचालन हुने छ ।

सहायक डीन

२०७५।०८।२०